# तानसेनमा धातुकला : विगत र वर्तमान

अर्चना देवी शाक्य[१]

**लेखसार**

*विभिन्न प्रकारका धातुबाट मूर्ति, अभिलेख, भाँडावर्तन, कलात्मक बस्तु निर्माण गर्ने तथा मुद्रा बनाउने कला धातुकला अन्तर्गत पर्दछ। नेपालमा लिच्छविकालदेखि नै विकास भई मध्यकालमा उत्कर्षमा पुगेको धातुकलाको लागि विशेष गरी काठमाडौं उपत्यका मुख्य केन्द्र रहिआए पनि नेपालका अन्य स्थानहरूमा पनि विभिन्न कालखण्डमा धातुकलाको आफ्नै प्रकारले विकास भएको इतिहास पाईन्छ । यसमध्ये हाल नेपालको लुम्बिनी प्रदेशमा अवस्थित तानसेनपनि वि.सं.१९६०/७० को दशकतिरधातुकलाको लागि निकै प्रशिद्ध रहेको थियो । तर हाल यस क्षेत्रको धातुकला चिन्ताजनक अवस्थामा पुगेको कारणले यो कलाको समयमै संरक्षण तथा अध्ययन अनुसन्धान हुनु नितान्त आवश्यक देखिन्छ । महादत्त सेनले वि.सं १८४४ मातानसेनलाई पाल्पाको राजधानी बनाएर बस्ती बिस्तार गरेदेखि नै धातुकलाको विकास भएको मानिनेतानसेनमा राणाकालमा (वि.सं १९६० देखि १९७० सम्म) उत्कर्षमा पुगेको देखिन्छ ।(रेग्मी, २०३५) यसकालमा तानसेनको टक्सार क्षेत्र यस भेगको लागि धातुकलाको पयार्यवाची बन्न पुग्यो । टक्सार क्षेत्रमा वि.सं. १९६५ मा टक मार्ने कार्य बन्द भएपछि यस क्षेत्रका शाक्य र बज्राचार्य कालिगढहरू भाँडावर्तन, मूर्ति, पानस, सुकुण्डा, करूवाजस्ता कलात्मक बस्तुहरू निर्माण गर्ने कार्य तर्फ झन बढी आकर्षित भए । कच्चा पदार्थको यथेष्ट उपलब्धता, मौलिक प्रविधि, सक्षम जनशक्ति तथा राम्रो बजारको कारणले गर्दा तानसेनमा धातुकला बिस्तार हुँदै गई यी सामग्रीहरू छिमेकी देशमा समेत निर्यात हुन थालेको देखिन्छ । जसका कारणले काठमाडौं उपत्यकाका धेरै शाक्य र बज्राचार्य कालिगढहरू तानसेनमा बसाई सराई गर्ने कार्य पनि तीव्र रूपमा बढ्न थाल्यो। तर पछि भारतको मिर्जापुरबाट यस क्षेत्रमा सस्तो भाडाकुडाँहरू आयात तथा कच्चा पदार्थको पनि अभाव हुन थालेपछि यहाँको धातुकला करूवा तथा अन्य केही कलात्मक सामग्रीहरूमा मात्र सिमित हुन पुग्यो । जसमध्ये तानसेनको करूवा पाल्पाली करूवाको नामले हालसम्म पनि नेपाल तथा विदेशमा समेत प्रशिद्ध छ। पछिल्लो समयमा आएर पाल्पाली करूवालाई पनि आधुनिक प्रविधिबाट बनाईने अन्य करूवाले विस्थापित गर्दे लैजाने क्रम तीव्र रूपमा बढ्दै गएको छ। फलस्वरूप हाल टक्सारमा धातुको काम गर्ने ३ परिवार मात्र बाँकी रहेको छ।यी परिवारहरूमा पनि यो कला नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा आगामी दिनहरूमा यो कला बिस्तारै लोप हुदैं जाने प्रचुर सम्भावना देखिन्छ।कच्चा पदार्थ, पूँजी, कालिगढ, आधुनिकीकरण, सचेतना आदिको अभाव तथा अत्याधिक श्रमको प्रयोग गर्नुपर्ने कार्य भएकोले यो कला लोपोन्मुख अवस्थामा रहेको देखिन्छ। तर समयमै यस तर्फ ध्यान दिन सकेमा यो कलालाई संरक्षण, सम्वर्द्धन र विस्तार गर्ने प्रचुर सम्भावना देखिन्छ।*

**शब्दकुञ्जी** : करूवा, धातु, टक, टक्सार, शाक्य र बज्राचार्य

## परिचय

विश्वमा मानव सभ्यताको विकाससंगै भएका विभिन्न आविष्कार हरूले विविध प्रकारका कलाहरूको सृजना गर्न मानवलाई प्रेरित गरेको देखिन्छ । यसै क्रममा धातुको आविष्कार पछि कालान्तरमा मानिसहरूको आवश्यकता, भावना, कला आदिको समिश्रणबाट धातुकलाको विकास भयो । प्रारम्भमा केवल व्यक्तिगत तथा सामाजिक आवश्यकता परिपूर्ति तथा सहुलियतको लागि सृजित यो कला कालान्तरमा मानिसको सौन्दर्य प्रतिको आकर्षणले झन ब्यापक हुँदै गयो । वर्तमान समयमा सुन, चाँदी, तामा, पित्तल, काँस, अल्मुनियम जस्ता विभिन्न प्रकारका धातुबाट मूर्ति, अभिलेख, भाँडावर्तन, औजार कलात्मक बस्तु निर्माण गर्ने तथा मुद्रा बनाउने कला धातुकला अन्तर्गत पर्दछ । नेपालमा धातुकला लिच्छविकालदेखि नै शुरू भई मध्यकालमा उत्कर्षमा पुगेको देखिन्छ। नेपालभित्र विशेष गरी काठमाडौं उपत्यका नै धातुकलाको केन्दको रूपमा स्थापित भएको देखिन्छ। तर विविध समयमा काठमाडौं उपत्यका बाहेक अन्य केही स्थानहरूमा पनि धातुकलाको आफ्नै प्रकारले विकास भएको इतिहास पाईन्छ। यसमध्ये हाल नेपालको लुम्बिनी

१. उपप्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन । archanashakyatsn@gmail.com

प्रदेशको पाल्पा जिल्लामा पर्ने तानसेन शहर पनि धातुकलाको लागि प्रशिद्ध शहरको रूपमा चिनिन्छ । विगतमा यहाँको धातुकलाको प्रशिद्धी धेरै टाढा टाढा सम्म फैलिएको भएपनि हाल आएर क्रमशः लोपोन्मुख अवस्थामा पुग्न गएको देखिन्छ । नाजुक अवस्थामा रहेको तानसेनको धातुकलाको आवश्यक अध्ययन अनुसन्धान हुन सकिरहेको छैन । अतः यसको समयमै अध्ययन, अनुसन्धान तथा संरक्षण हुनु नितान्त आवश्यक छ ।

यस अध्ययनको मुख्य उद्देश्य तानसेनको धातुकलाको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था, मौलिक निर्माण प्रविधि, महत्व, समस्या, चूनौति तथा सम्भावनाहरु बारे प्रकाश पार्नु हो । यसले नेपालको मौलिक कलाको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक कदमहरूपहिचान गर्न मद्दत गर्दछ ।

## अध्ययन विधि

यो अध्ययन प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरूमा आधारित रहेको छ । सामग्री संकलनका लागि तानसेनमा संचालित करूवा तथा धातु उद्योग क्षेत्रको स्थलगत भ्रमण, अवलोकन गरी उत्पादन हुने सामग्री, यसको प्रविधि बारेमा अध्ययन गरिएको छ। यस्तै गरी टक्सार क्षेत्रका धातुकला उद्यमीहरूसंग प्रत्यक्ष अन्तर्वार्ता गरी यसको इतिहास, हालको अवस्था तथा समस्याहरु संकलन गरिएको छ। यसबाहेक विषय विज्ञहरूसँग परामर्श गरी यसको महत्व, इतिहास र भविष्यमा यसको संरक्षणका लागि आवश्यक कदमहरूबारे जानकारी लिइएको छ। अध्ययनका लागि सहायक स्रोतको रूपमा विभिन्न पुस्तकहरु, अनुसन्धानात्मक लेखहरु, ऐतिहासिक दस्तावेजहरु र अन्य सान्दर्भिक लेखहरु अध्ययन, विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययन विशेष रूपमा विवरणात्मक, ऐतिहासिक र विश्लेषणात्मक पद्धतिमा आधारित रहेको। प्राप्त तथ्यांकहरूको विश्लेषण गरी समस्याहरूको पहिचान तथा धातुकलाको संरक्षणका लागि आवश्यक सुझावहरु पनि प्रस्तुत गरिएका छन् ।

## धातुकलाको ऐतिहासिक पृष्ठभूमि

विश्वमा मानवले धातुको आविष्कार करिव ई.पू. ६००० तिर ताम्रयुगमा ९अजबअियष्तिजष्क उभचष्यम० गरेको अनुमान गरिन्छ । नवपाषाणकाल लगत्तै शुरूवात भएको यस युगमा धातुको प्रयोग विशेष गरेर शिकार तथा कृषि औजारका लागि भयो ।कृषि युगले ल्याएको फुर्सद, स्थायी बास तथा मानिसको कलाप्रतिको अनुरागले धातुकलामा पनि विविधता आयो । विश्वका विभिन्न क्षेत्रमा धातुकलाको शुरूवात फरक फरक समयमा फरक फरक ढंगबाट भएको पाईन्छ। भारतीय उपमहाद्वीपमा इ.पू २५०० तिर विकास भएको सिन्धु सभ्यताका मोहन्जोदाडो तथा हडप्पामा पाईएका अवशेषहरूमा काँसका सुन्दर नारी मूर्ति पनि रहेका छन् । यसबाट यस काल सम्म आईपुग्दा धातुकलाको राम्ररी नै विकास भईसकेको देखिन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने यहाँको प्रारम्भिक धातुकलाको इतिहास अस्पष्ट छ । लुम्विनी र तिलौराकोटको उत्खनन्बात प्राप्त केही आहात मुद्रा तथा मूर्तिहरूले यस क्षेत्रको धातुकलाको इतिहास ई.पू छैटौं शताब्दी भन्दा पुरानो रहेको प्रमाणित गर्दछ। काठमाडौं उपत्यकाबाट भने हालसम्म ईस्वीको पाचौं शताब्दी भन्दा अगाडिको धातुकलाको बारेमा जानकारी दिने प्रमाणहरु उपलब्ध भएका छैनन्। इस्वीको पाचौं शताब्दीको मानदेवको तामाको माना मुद्रा नै हालसम्म पाईएको यस क्षेत्रको धातुकलाको पहिलो नमूना हो। धातुका मूर्तिहरु भने सातौं आठौं शताब्दी भन्दा अगाडिका पाईएका छैनन । तर अशुंवर्माको चाँगुनारायणको स्वर्णपत्र अभिलेख, तिब्वती वंशावली आदिको आधारमा इस्वीको तेस्रो चौथो शताब्दीमै यस क्षेत्रमा धातुका मूर्तिहरु बन्न थालिसकेको अनुमान गर्न सकिन्छ (बज्राचार्य, २०५३) ।

पाल्पा तानसेनको धातुकलाको इतिहास हेर्ने हो भने सेनकालभन्दा अगाडि पुग्न सकिदैन । प्राचीन कालमा लिच्छविहरूको आधिपत्यमा रहेको पाल्पा क्षेत्र पूर्व मध्यकालमा बाह्र मगरातको रूपमा प्रशिद्ध थियो भने पछि पश्चिम नेपालमा खस राजाहरूको उदय पछि यो क्षेत्र पनि खस राज्य अन्तर्गत रहन पुगेको देखिन्छ। खस राज्य टुक्रिएपछि केही समय यक्ष मल्लको शासन प्रभावभित्र रहेको तथा यसपछि यो राज्य चौविसी राज्य अन्तर्गतको एक महत्वपूर्ण राज्यको रूपमा स्थापित हुन पुगेको देखिन्छ। भवदत्तकृत सेन वंशावली अनुसार चित्तोरका राजा रत्न सेनका नाति तुथाराय रिब्दीकोटमा आई यहाँका राजा बने। यिनका आठ पुस्ता पछिका वंशज रूद्रसेनले स्वतन्त्र पाल्पा राज्यको स्थापना गरेको देखिन्छ (घिमीरे, २०४५)। स्वतन्त्र पाल्पा राज्य स्थापना हुनु अगाडि अर्थात सेन काल भन्दा अगाडिको यस क्षेत्रको इतिहास अध्ययन गर्ने स्रोतहरूको अभाव भएको कारणले सेनकाल पूर्वको धातुकलाको इतिहास बारे पनि अध्ययन हुन सकिरहेको छैन ।

वि.स.१५५० देखि वि.स. १८६१ सम्म करिब ३०० वर्ष सेनवंशी शासकहरूले पाल्पामा शासन गरेको देखिन्छ । केही प्रमाणहरूले यसकालमा धातुकलाको विकास भईसकेको पुष्टि गर्दछ । विशेष गरी यो क्षेत्रमा धातुका खानीहरु भएको तथा सरकारी तवरबाट नै खानी खन्ने कामहरु हुने गरेकोले पनि धातुको काममा विशेष टेवा पुग्न गएको देख्न सकिन्छ। पाल्पाली सेन राजाहरूको आफ्नै टक्सार थियो जहाँबाट तामाका मुद्राहरु प्रसारण हुने गर्दथे । पृथ्वीपाल सेनको वि.सं.१८६० मा लेखिएको पत्र तथा सामाकोटमा प्राप्त अवशेषहरूबाट पाल्पाको सामाकोट (हाल तानसेन ११) मा टक्सार भएको कुरा ज्ञात हुन्छ। पृथ्वीपाल सेनको पत्रमा विष्णु महाजन र बौझगरी महाजनलाई संयुक्त रूपमा रू३२०१।– मा टक्सार चलाउनु भनी ठेक्का दिईएको कुरा लेखिएको छ (घिमीरे, २०४५)। यसबाहेक सेनकालमा विशेष गरीधातुका भाँडाकुँडा, हतियार,मूर्तिहरु, घण्ट आदि पनि बन्ने गरेको देखिन्छ ।

पछि पाल्पा राज्य विशाल नेपालमा विलय भएसंगै तानसेन नयाँ प्रशासकीय केन्द्र बन्न गयो । यो संगै सामाकोटको टकमरीको कार्य पनि तानसेनमा सर्यो।पछि यस स्थानको नाम नै टक्सार टोल रहन गयो । तामाको खानीको उपलब्धताले पनि यस क्षेत्रमा टक्सार चलाउन सहुलियत मिलेको देखिन्छ । यहाँको टक्सारमा एक, दुई र पाँच पैसाका तामाका पैसा तयार गरिन्थ्यो। वि.सं. १९६५ मा तानसेनको टक्सार बन्द भएपछि यहाँ कार्यरत कालिगढहरु धातुका

अन्य सामग्री बनाउने तर्फ आकर्षित भए । यसकालमा घरायशी प्रयोगका लागि चाहिने तामा, सिलावर, पित्तल तथा फलामका गाग्री, ताउली, कसौडी, ताप्के, डाडु, पन्यू, थाल, कचौरा आदि भाँडाहरु निर्माण गरिन्थ्यो (ह्यामिल्टन, १८१९)। पछि काँसका करूवा, अंखोरा, बत्ती बाल्ने झार, सुराही, पानस, तमाखु खाने हुक्का, ढलोटका मूर्ति र गजुर बनाउने काम हुन थाल्यो जसमध्ये तानसेनका करूवा र हुक्काको ख्याति विदेशसम्म पुगेको थियो (रेग्मी, २०३५)। वि.सं. १९५० को एक कागजमा पाल्पाबाट बुटवल हुँदै भारततिर निकासी हुने सामानको सूचीमा ढलोट, काँस, तामा र पित्तलका भाँडाको उल्लेख भएकोले तानसेनमा बनेका करूवा, हुक्का आदि विदेशमा समेत पुगेको पुष्टि हुन्छ (बानियाँ, २०६३)।

## धातुकलाको वर्तमानको रूपमा पाल्पाली करूवा

वर्तमान अवस्थामा पाल्पाली करूवाको रूपमा पहिचान स्थापित गरेको तानसेनमा उत्पादित करूवा तानसेनको धातुकलाको पर्यायवाची जस्तै बनेको छ । पानस, सुकुण्डा, घण्ट जस्ता अन्य कलात्मक सामग्रीहरू पनि उत्पादन हुने भएपनि पाल्पाली करूवाले विशेष पहिचान पाएको छ । पाल्पाली करूवाको मुख्य विशेषता भनेको यसको धातु हो । पाल्पाली करुवा विशेष प्रकारको काँसबाट बनाईन्छ जसमा चार भाग तामा, एक भाग राङ (टिन र थोरै शीशाको मिश्रण) मिसाईन्छ । यो मिश्रणबाट तयार पारिएको करूवाको रंग चम्किलो, उज्यालो, हल्का पँहेलो आभायुक्त सेतो हुन्छ । काँसका भाँडा हाम्रो स्वास्थ्यको हिसाबले पनि निकै महत्वपूर्ण मानिन्छ । यसले हाम्रो पाचन शक्ति, रोग प्रतिरोधात्मक शक्ति, वजन घटाउन, मानसिक स्वास्थ्य तथा छाला सम्वन्धी समस्याको लागि राम्रो मानिन्छ । (Sharma et al, 2021)

करूवाको प्रयोग विशेष गरी पानी खाने भाँडाको रूपमा हुन्छ । विगतमा अधिकांश घरमा पानी राख्न तथा खानको लागि करूवाको प्रयोग हुन्थ्यो । विशेष गरी यसमा ढक्कन लगाउन मिल्ने, टुटीको कारणले पानी खान सजिलो हुने तथा यसलाई पानी खाँदा समात्न पनि सजिलो हुने खालको यसको बनोटले करूवा पानी खाने भाँडाको रूपमा लोकप्रिय हुन पुगेको देखिन्छ। करूवाको बनोट बैज्ञानिक रहेको देखिन्छ । यसको टुटी बीच भागमा हुने भएकोले पानी खाँदा शुद्ध पानी मात्र आउने विश्वास गरिन्छ । मसिनो धूलो सतहमा तथा मोटो धूलो पिँधमा जम्मा हुने भएकोले करूवाबाट पानी खाँदा हत्तपत्त फोहर पानी आँउदैन । यस्तै गरी यहाँका करूवाहरु काँसबाट बनाइने हुनाले यसमा औषधीय गुण पनि रहेको देखिन्छ। यसबाहेक करूवाको आफ्नै प्रकारको सांस्कृतिक महत्व पनि छ। नेवारहरूका विवाह, इही, बाह्रा, चूडाकर्म, जंको, मृत्यु संस्कार आदिमा करूवाको प्रयोग अनिवार्य मानिन्छ । म्हः पूजाका दिन करूवाको पूजा पनि गरिन्छ ।

पाल्पाली करूवा निर्माण विधि अनुसार एउटा करूवा तयार गर्नको लागि निम्न विभिन्न चरणहरू पार गर्नुपर्दछ।

**पहिलो चरण** – पहिलो चरणमा मैनको दुरूस्त करूवा जस्तो नमूना बनाई देवल माटो (धमिराको गुँड र गाईको गोबरको मिश्रण) लेप क्रमशः तीन पटक सम्मलगाउने तथा यसलाई हावामा सुकाइने क्रम दोहोर्‍याईन्छ । सुकेपछि पुनःरातो माटो र भुसको लेप चार पटक (भित्र दुई र बाहिर दुई पटक)सावधानीपूर्वक लगाई सुकाएपछि साँचो (थासा) तयार हुन्छ ।

**दोस्रो चरण**– साँचो राम्ररी सुकेपछि यसको माथिल्लो भाग काटिन्छ र कोइला प्रयोग गरिएको विशेष प्रकारको भट्टीमा सावधानीपूर्वक तताएर भित्रको मैन पगालि खनाएपछि भित्र खोक्रो हुन्छ जुन अन्तिम साँचोको रूपमा प्रयोग हुन्छ ।

**तेस्रो चरण** – यो चरणमा खोक्रो साँचोको भित्र पग्लेको काँस खन्याएर ढाल्नेकाम हुन्छ । काँस चाँडै जम्ने धातु भएकोले काँस खन्याउने बेलामा साँचो पनि तातो हुनुपर्दछ। अन्यथा यो राम्रोसंग फैलिन पाँउदैन । यसकारण साँचोलाई रातो गरि पोल्ने तथा धातुलाई भट्टीमा पोल्ने काम एकैसाथ हुन्छ ।एकपटकमा करिव तीस वटा करूवा एकैसाथ निर्माण गरिन्छ । यसको लागि तातो भट्टीमा तापक्रम मिलाई मिलाई काँस खन्याउन करिब आठ/नौ घण्टा लाग्दछ ।

**चौथो चरण**–यो अन्तिम चरणमा साँचोको बाहिरी भाग फुटाउने तथाविभिन्न भाग जस्तै टुटी (अंखुचा), माथिल्लो भाग आदि जोडेर यसलाई चम्काउने, टल्काउने आदि काम हुन्छ। यसपछि बल्ल करूवा तयार हुन्छ ।

तानसेनमा धातुकलाको विगत र वर्तमान तालिकामा

| | विगत | वर्तमान |
|---|---|---|
| १.उद्यमीहरूको संख्या | वि.सं २०१६ –१७ घर परिवार | ३ घर |
| २. सामग्री | मुद्रा, घरायशी प्रयोगकाभाँडावर्तन, अंखोरा, हुक्का, गाग्री, कसौडी, मूर्ति आदि | काँसकाकरूवा, थाल, कचौरा, अंखोरा, बत्तीबाल्ने झार, सुराही, पानस, हुक्का, ढलोटका मूर्ति र गजुर |
| ३. कच्चा पदार्थ | प्रशस्त | कम |
| ४. बजार | स्थानिय रूपमा खपत, भारतसम्म निर्यात | स्थानिय खपत कम, पर्यटकद्वारा खरिद, केही विदेश निर्यात |
| ५. कालिगढ | धेरै, शाक्य बज्राचार्य मात्र संलग्न | थोरै, अन्य जाति पनि केही |
| ६. प्रविधि | हाते औजार, चर्खाको प्रयोग | केही आधुनिक मेशिनको प्रयोग, रबर मोल्ड, प्रयोग |
| ७. प्रयोग | दैनिक उपभोग | सजावट, उपहार |

तानसेनमा धातुकलाको विगत र वर्तमानलाई केलाएर हेर्ने हो भने विगत समृद्ध देखिन्छ भने वर्तमान चिन्ताजनक अवस्थामा पुगेको

छ। उद्यमीहरूको संख्यालाई नै लिने हो भने वि.सं. २०१६ सालसम्म पनि यहाँ सत्र घर परिवार तथा सय जना कालिगढ धातुकला उद्योगसंग सम्वन्धित थिए भने वि.सं. २०३४ सालसम्म आईपुग्दा यो सख्यां पाँच घर परिवार तथा दश जना कालिगढमा सिमित हुन पुग्यो ( रेग्मी, २०३५)। हाल यो संख्या पनि घटेर तीन घर परिवारमा सक्रिय कालिगढहरूको संख्या केवल छ जनामासिमित हुन पुगेको छ । यसमा पनि करूवा उत्पादन गर्ने घर परिवार एउटा मात्र बाकि भएको छ ।

यहाँको धातुकलाको शुरूवात टक मार्ने कार्यबाट सेनकालमा भएको देखिन्छ । पछि वि.सं. १९६५मा यहाँ टक मार्ने कार्य बन्द भएपछि अन्य दैनिक रूपमा प्रयोग हुने थाल, कचौरा, गिलास, आदि हुँदै हुक्का, अन्ति, झारी, घण्ट, गजूर र करूवा आदि पनि निर्माण हुन थालेको देखिन्छ। पछि यहाँका कालिगढहरु मध्येबाट केही मूर्तिकारहरु पनि जन्मिए । वि.सं. १९९७ मा यहाँ काँसको अभावले यो पेशामा निकै संकटको स्थिति देखा परेको थियो ( रेग्मी, २०३५)। त्यसैबेला भारतको मिर्जापुरबाट भाँडाकुँडाहरु आयात हुन थाले जसले गर्दा यहाँका उद्यमी, व्यवसायीहरूलाई निकै धक्का पर्‍यो । सस्तो र हल्का मिर्जापुरका भाँडाकुँडाहरूले गर्दा यहाँका भाँडाकुडाँहरु विक्री हुन गाह्रो भयो तथा उद्यमीहरु हुक्का, करूवा, पानस जस्ता कलात्मक सामग्री बनाउने तर्फ आकर्षित भए । हाल यहाँ धेरैजसो करूवा, पानस, सुकुण्डा, घण्ट, गजूर, मूर्ति आदिको निर्माण हुन्छ ।

तामा, शीशा, राङ, कोइला, मैन आदि धातु उद्योगलाई चाहिने प्रमुख कच्चा पदार्थहरु हुन् । विगतमा यो क्षेत्र तामाको खानीको लागि प्रशिद्ध थियो। ह्यामिल्टनले आज भन्दा २०० बर्ष अगाडि यस क्षेत्रमा खानी व्यवसाय मुख्य गरी तामाको निर्यातबाट मात्र बार्षिक रू.५०००० आय आर्जन हुने उल्लेख गरेका छन् (ह्यामिल्टन, १८१९)। विगतमा यहाँ कच्चा पदार्थको अभाव नदेखिए पनि वि.सं. १९९७ देखि क्रमशः विशेष गरी तामाको अभावले यो उद्योगलाई असर पारिरहेको देख्न सकिन्छ। हाल यहाँका सबै उद्यमीहरूले पुराना तामाका भाँडा पगाली आवश्यक पर्ने धातुको अभाव पूर्ति गरिरहेको पाईन्छ।

विगतमा यहाँ उत्पादित भाँडाकुडाहरु स्थानिय रूपमा बढी खपत हुने गर्दथ्यो भने केही सामग्रीहरु भारतमा पनि निकासी हुने गर्दथ्यो। वि.स.१९५० को एक कागजमा पाल्पाबाट बुटवल हुँदै भारततिर निकासी हुने सामानको सूचीमा ढलोट, तामा, काँस र पित्तलका भाँडाको उल्लेख भएकोले तानसेनमा बनेका करूवा, हुक्का आदि निर्यात हुने गरेको पुष्टि हुन्छ । (बानियाँ क्षत्री, २०६३) वर्तमानमा भने यहाँ बनेका सामग्रीहरु स्थानिय रूपमा खपत कम हुन्छ । यहाँका धेरै जसो सामग्रीहरु आन्तरिक पर्यटकहरूलाई बिक्रि गरिन्छ भने सिमित रूपमा विदेश निर्यात हुन्छ ।

प्रविधिको तुलना गर्नुपर्दा विगतमा आधुनिक औजारहरूको अभावमा केही हाते औजार तथा चर्खा जस्ता पुरानो प्रविधि प्रयोग गरी धेरै कष्टका साथ सामग्री उत्पादन हुने गर्दथ्यो । वर्तमान समयमा केही विद्युतिय औजार तथा मेशिनको प्रयोग हुन थालेको छ । यस्तै गरी रबर मोल्ड जस्ता सजिला तथा नयाँ प्रविधिहरु अपनाएर मूर्तिहरु पनि बनाउन थालिएको छ । विगत र वर्तमानको तुलना गर्दा मुख्य फरक यी सामग्रीहरूको प्रयोगमा देखिन्छ ।

## समस्याहरू

कालिगढको अभाव – कुनै समयमा तानसेनको टक्सारको हरेक जसो घरमा धातुको काम हुने गरेकोमा हाल आएर केवल तीन घरमा मात्र धातुको काम भईरहेको छ। पुरानो पुस्तालाई गुमाउँदै गए संगसंगै धातुको काम जानेका कालिगढहरूको अत्यन्तै अभाव हुँदै गईरहेको देखिन्छ । यो समस्यालाई समाधान गर्न वि.सं. २०७७ सालमा तानसेन नगर पालिका, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी), ग्रामिण आर्थिक विकास संघ (रेडा) को सहयोगमा तीन महिने आधारभूत करूवा बनाउने तालिम आयोजना गरिएको थियो जसमा १३ जनाले तालिम प्राप्त गरेका थिए । उक्त तालिम पश्चात सीप सिकेकाहरु मध्ये ४ जनाको समूहले तानसेन नगर पालिका–१ गैरागाउमा नयाँ उद्योग खोलेर पनि सञ्चालनमा ल्याएका थिए ।तर यही समयमा कोभिडको संक्रमण फैलिएको कारणले यसले निरन्तरता पाउन सकेन । हाल तालिम प्राप्त मध्ये केही पुराना करूवा उद्योगहरूमा सहायकको रूपमा काम गरिरहेका छन् ।

कच्चा पदार्थ –तानसेनमा धातुको काम कम हुनुको अर्को प्रमुख समस्या कच्चा पदार्थ पनि रहेको छ । काँस बनाउन तामा चाहिन्छ जुन हाल तानसेनमा अभाव र महंगो पर्दछ। यसकारण यहाँका उद्यमीहरूले कच्चा पदार्थको अभाव पूर्ति पुराना भाँडाकुडाहरु किनेर यसलाई गालेर गर्ने गर्दछ। जसका कारण यथेष्ट रूपमा करूवा तथा अन्य सामग्रीहरूको उत्पादन हुन सकेको छैन। (दिपेन्द्र बज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता, ४ बैशाख २०८२)

बजार – हाल यस क्षेत्रमा धातुका सामग्रीहरूको बजार सिमित हुन पुगेको छ। कुनै समयमा यस भेगका सम्पूर्ण दैनिक प्रयोगमा आउने भाँडाकुँडाहरु यसै क्षेत्रमा उत्पादन हुने गरेकोमा हाल अत्याधुनिक मेशिनबाट बनेका भाँडाकुँडाहरूआए संगै यस्ता पुराना भाँडाहरु बन्द भई केही सिमित कलात्मक बस्तुहरु मात्र निर्माण हुन थाल्यो। (मंगलप्रसाद बज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता, २ बैशाष २०८२)

अत्याधिक श्रमको प्रयोग – करूवा लगायत धातुका अन्य कलात्मक सामग्रीहरूको निर्माण कार्यमा दक्षताको साथसाथै अत्याधिक श्रमको पनि आवश्यकता पर्दछ। परम्परागत पुरानो प्रविधिमा आधारित भएको कारणले यसको निर्माण प्रक्रिया अत्यन्तै लामो र जटिल छ । टक्सारका करूवा उद्यमीहरूको भनाई अनुसार विशेष गरी तातो भट्टीमा घण्टौं बसेर अत्यन्तै धैर्यता तथा साबधानीपूर्वक धातु खन्याउने प्रक्रिया, साँचोबाट निकाली सकेपछि यसलाई पूर्ण तयारी अवस्थामा पुर्‍याउने कार्यहरु निकै गाह्रो रहेको छ । जसका कारण आधुनिक पुस्ताका युवाहरु यस उद्योगलाई निरन्तरता दिन हिच्किचाईरहेका छन् ।

महंगो– तानसेनमा उत्पादन गरिएका धातुका करूवा लगायत अन्य कलात्मक सामग्रीहरूको मूल्य आधुनिक प्रविधि प्रयोग गरेर बनाईएका सामग्रीको तुलनामा महंगो रहेको छ। यद्यपि कलात्मकता,

धातु, गुणस्तर आदिको हिसाबले यी आधुनिक प्रविधिबाट बनाईएका सामग्रीहरु निकै कमसल रहेता पनि कम मूल्यको कारणले यस्ता सामग्रीले बजार पाईरहेको देख्न सकिन्छ । करूवाको सन्दर्भमा हाल पोखरेली करूवाहरूले पाल्पाली करूवालाई प्रतिस्थापन गरिरहेको देख्न सकिन्छ ।

## सुझाव

हाल तानसेनको धातुकला रूग्ण अवस्थामा रहेको देख्न सकिन्छ । तर समयमै आवश्यक कदम अपनाएको खण्डमा यो कलालाई संरक्षण गर्दै व्यापक तथा बजारको अझ विस्तार गर्दै लैजान सकिने प्रचुर संभावना देखिन्छ । यसका लागि भविष्यमा निम्न कुराहरूमा जोड दिन लगाउन आवश्यक छ।

तालिम– स्थानीय उद्यमीहरूद्वारा विगतमा जस्तै नयाँ पुस्ताका युवाहरूलाई तानसेनको परम्परागत करूवा तथा अन्य कलात्मक सामग्री बनाउने तालिमको आयोजना गरियो भने यो सीपलाई लोप हुनबाट बचाउन सकिन्छ । यस्ता तालिमहरूनिकै प्रभावकारी हुने तथा भविष्यमा यसप्रकारका तालिम सञ्चालन गरिएमा केही ईच्छुक नयाँ पुस्ताले यो सीपलाई संरक्षण गर्न ठूलो भूमिका खेल्न सक्छ ।

बजेट/कर्जा – धातुकला वा करूवा उद्योगको लागि सहुलियत दरमा कर्जाको ब्यवस्था हुन सकेमा, यसको संरक्षणको लागि बजेट छुट् याइएमायस क्षेत्रमा लागिरहेका तथा नयाँ उद्यमीहरूलाई उद्योग विस्तार गर्न, यसको उचित संरक्षण गर्नमा टेवा पुग्ने कुरामा दुई मत छैन ।

प्रचारप्रसार– तानसेनको करूवा तथा अन्य कलात्मक बस्तुहरूको बजारिकरणको लागि कुनै नौलो प्रयास भएको देखिदैन। सिमित उत्पादन गरी विक्री वितरण कार्य भईरहेको छ । हाल उत्पादन भईरहेका सामग्रीहरूको विक्री वितरणको लागि बजारको समस्या छैन । माग बढेमा त्यसलाई पूर्ति गर्ने स्रोत, साधन तथा क्षमता छैन । अतः यहाँका उद्यमीहरु यसैमा सन्तुष्ट भई उद्योगलाई यथास्थितमा संचालन गरिरहेका छन् । हालको मागलाई यहाँका उद्यमीहरूले नै पुरा गरिरहेको हुनाले नयाँ उद्यमीहरु यसतर्फ आकर्षित हुन सकिरहेका छैनन्। यदि व्यवसायिक रूपमा प्रचार गर्ने प्रयास गर्ने हो भने बिना कुनै समस्या यसको बजार ब्यापक रूपमा बिस्तार हुने प्रचुर सम्भावना छ । अतः यसको प्रचार प्रसार गरी बजार बिस्तार गर्नु अत्यन्तै जरूरी छ ।

आधुनिक प्रविधिको प्रयोग– विगतको तुलनामा यहाँका उद्यमीहरूले क्रमशः केही आधुनिक मेशिन तथा औजारहरूको प्रयोग गर्दै आईरहेका छन् । तर पनि यी प्रविधिहरु वर्तमान समयको हिसाबले पुराना नै देखिन्छन् । विभिन्न कार्यको लागि हाल नयाँ मेशिनहरु तथा औजारहरु आविष्कार भईरहेको सन्दर्भमा यहाँका उद्यमीहरु ज्ञान तथा आर्थिक अभावका कारण परम्परागत रूपमा कार्य संचालन गर्न बाध्य छन् । पुराना पुस्ता सीप, कला तथा अनुभवको कारणले आधुनिक औजार विना नै उत्कृष्ट कलाकृति निर्माण गर्न सक्षम भएपनि आधुनिक पुस्ताको लागि यो सम्भव नहुन सक्छ । त्यसकारण तापमापक यन्त्र जस्ता साना साना मेशीन देखि लिएर यस उद्योग संचालन गर्न सहायक हुने अन्य मेशीनहरूको जानकारी यहाँका उद्यमीहरूलाई दिई प्रयोग गर्न लगाउनु र कार्यलाई सरल बनाउदै लानु उद्योगको निरन्तरताको लागि अति आवश्यक छ ।

बजार बिस्तारका नयाँ उपायहरु – विगतमा यहाँका करूवा तथा अन्य कलात्मक बस्तुहरूदैनिक उपभोग्य बस्तुको रूपमा घरघरमा प्रयोग भईरहेकोमा हाल यो केवल सजावटको सामानको रूपमा तथा केही धार्मिक सांस्कृतिक अनुष्ठान र संस्कारहरु सम्पन्न गर्दा मात्र प्रयोगमा आईरहेका छन् । हाल आएर पुराना संस्कृति, बस्तुहरु प्रति आकर्षण बढ्दै गईरहेको सन्दर्भमा यहाँका होटेल, रेस्टुराँहरूमा केही परिमार्जन सहित यस्ता बस्तुहरूलाई दैनिक उपभोग्य सामग्रीको रूपमा तथा सजावटको लागि प्रयोगमा ल्याउन आकर्षित गर्न सके यसको बजार निकै बिस्तार हुन सक्ने सम्भावना छ।

नयाँ पुस्तालाई प्रेरणा – तानसेनको करूवा तथा धातुकला उद्योगको भविष्य यहाँका नयाँ पुस्ताहरूको हातमा छ । तर नयाँ पुस्ता यस उद्यम तर्फ आकर्षित हुन नसकिरहेको अवस्थामा उनीहरूलाई यस तर्फ लाग्न प्रेरणा दिन अति आवश्यक देखिन्छ। आधुनिक रूपमा यस उद्योगको परिमार्जन संचालन, प्रचुर धनआर्जनको अवसर, राज्य तथा समाजको तर्फबाट उद्यमीहरूलाई उचित सम्मान र सहयोग आदि नयाँ पुस्ताको लागि यस क्षेत्र तर्फ लाग्न प्रेरणाका स्रोत हुन सक्छन् ।

## उपसंहार

तानसेनमा धातुकलाको इतिहास गौरवपूर्ण छ, वर्तमान सन्तोषजनक छैन तथा भविष्य अनिश्चित छ ।नेपालभित्र रहेका सम्पूर्ण मौलिक कला तथा प्रविधिहरु नेपालका पहिचान हुन्, गौरव हुन् । तानसेनको धातुकला पनि नेपाली संस्कृतिको प्रतिविम्व हो । अतः दिन प्रतिदिन धुमिल हुँदै गइरहेको यस प्रतिविम्वलाइै समयमै जोगाउनु हाम्रो कर्तव्य हो । वर्तमान अवस्थामा केवल तीन घर परिवारमा मात्र सिमित हुन गएको यस धातुकलालाई जोगाउन तालिमको आयोजना गरी नयाँ पुस्तमा प्रविधि हस्तान्तरण गर्ने, आधुनिक प्रविधि मेशिन आदिको प्रयोग गरेर यो कार्यलाई अलि सरल बनाउँदै तथा उत्पादन क्षमतालाई वृद्धि गर्दै लैजाने, राष्ट्रिय/अन्तराष्ट्रिय रूपमा यसको प्रचार प्रसार गरि यसको बजार विस्तार गर्ने जस्ता कार्यहरु अति आवश्यक देखिन्छ । यी कार्यहरूले मात्र गौरवपूर्णविगतलाई वर्तमानसंग जोड्न सकिनेछ । अन्यथा यो श्रृत्तला निकट भविष्य मै सदाका लागिटुट्न जाने निश्चित छ ।

## सन्दर्भग्रन्थ सूची


खतिवडा,सोमप्रसाद (२०७४), नेपाली संस्कृति विश्वकोश, काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लि. ।

घिमिरे, विष्णुप्रसाद (२०४५), पाल्पा राज्यको इतिहास, भाग-१. चितवन : पदमा घिमिरे ।

बानियाँ क्षेत्री, कर्ण बहादुर (२०६३),पाल्पा गौंडा : एक ऐतिहासिक अध्ययन. काठमाडौं : फूलचोकी पब्लिकेशन एण्ड

डिस्ट्रीब्यूसन प्रा.लि.।

रेग्मी, ऋषिकेशवराज (२०३५),एक स्रोत तीन धारा. ललितपुर : साझा प्रकाशन ।

वज्राचार्य, धनबज्र (२०५३),लिच्छविकालका अभिलेख. काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शाक्य, अर्चना देवी (२०८१),तानसेनका रैथाने–सन्दर्भ नेवार समुदायको (कार्यपत्र). तानसेन नगर पालिका ।

शाक्य, चकोरमान (२०६१), पाल्पाको पर्यटन उद्योग विकासमा घरेलु तथा कुटीर उद्योगको महत्व. पाल्पा दर्शन. काठमाडौं :

जीवन मासिक ।

श्रेष्ठ, निर्मल (२०५०), पाल्पामा धातुकला र पाल्पाली करूवा. चिनारी ।

श्रेष्ठ, निर्मल (२०७५),सेनकालीन इतिहास, कला र संस्कृति. पाल्पा : केशलक्ष्मी श्रेष्ठ ।

Hamilton, Francis Buchanan (1819).An Account of the Kingdom of Nepal: Edinburg Constable and Co.

Sharma, R. K., et al.(2021). Quality Assessment of Water Stored Vessels Made of Ayurvedic Metals.Journal of Ayurveda and Integrative Medicine, 15(4), 287-292.